प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र, खोटाङ्ग
प्रदेश नं. १

फोन नं. ०३६-४२०१३०
E-mail: khotangakc@gmail.com

# प्रस्तावना आह्वान सम्वन्धी सूचना

**दोश्रो पटक सुचना प्रकाशित मितिः २०७८/०६/१५**

कृषि ज्ञान केन्द्र, खोटाङको चालु आ.व. २०७८/०७९ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०७८/०५/१३ गते प्रथम पटक प्रस्ताव आह्वानको सूचना प्रकाशन गर्दा आवेदन नपरेका र न्यून आवेदन परेका तपसिलका कार्यक्रमका लागि **कृषि व्यावसाय प्रवर्द्धन कार्यविधि २०७६** मा तोकिएका शर्तहरु पालना गरी देहाय अनुसारका कार्यक्रमहरु संचालन गर्न खोटाङ जिल्ला भित्रका रीतपुर्वक दर्ता भएका इच्छुक कृषि सहकारी संस्था, कृषक समूह, कृषि फर्म तथा निजी कृषि उद्यमीहरुले आवश्यक कागजातहरु संलग्न राखी मिति २०७८/०६/२४ गते (१० दिन) भित्र स्वीकृत कार्यविधि अनुसारको प्रस्ताव कृषि ज्ञान केन्द्र, खोटाङमा दर्ता गराउनु हुन सम्वन्धित सवैमा पुनः दोश्रो पटक यो सूचना प्रकाशन गरिएको छ। साथै रीत नपुगेका र म्याद नाँघी प्राप्त हुन आएका प्रस्तावहरु उपर कुनै कारवाही नहुने व्यहोरा समेत जानकारी गराईन्छ ।

| क्र.स | आयोजना/क्रियाकलापको विवरण | ईकाइ | परिमाण | आयोजनाको अधिकतम साझेदारी रकम | कार्यक्रम संचालन गर्नका लागि आवश्यक पर्ने आधारहरु | प्रस्ताव पेश गर्नसक्ने साझेदारहरु |
|---|---|---|---|---|---|---|
| १. | बीउ विजन आत्मनिर्भर कार्यक्रम पहिलो वर्ष | संख्या | २ | कुल लागतको ५०-७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १। पहाडमा १६० रोपनीमा विउ उत्पादन कार्य संचालन गर्नुपर्ने। | वीउ उत्पादक कृषक समूह/नीजी वीउ उत्पादक उद्यमी/कृषि सहकारी संस्था |
| २. | चैते धान विशेष सहयोग कार्यक्रम | क्लष्टर | ५ | कुल लागतको ५०-१००% वा बढिमा रु. १ लाख प्रति इकाई | १. पहाडमा न्यूनतम २०० रोपनीको १ क्लष्टर हुनु पर्नेछ।<br>२। सूचिकृत तथा उन्मोचित जातहरु मात्र छनौट गर्नु पर्नेछ। | कृषक समूह/कृषि सहकारी संस्था/कृषक/निजि उद्यमी |
| ३. | सुन्तलाजात बगैचा व्यवस्थापन एवम सुदृढीकरण कार्यक्रम | संख्या | ५ | कुल लागतको ७५% वा बढीमा रु. १ लाख प्रति इकाई | १. व्यवसायिक स्तरमा स्थापना भएका पुराना सुन्तलाजातका बगैंचा हुनु पर्नेछ।<br>२. कम्तीमा पहाडमा २ रोपनी बगैंचाको क्षेत्रफल हुनु पर्नेछ।<br>३. प्रधानमन्त्री कृषि आधुनिकिकरण आयोजना अन्तरगत सोहि बालीमा ब्लक तथा पकेट विकास कार्यक्रम लागू भएको क्षेत्र समावेश गरिने छैन। | कृषक समूह/कृषि फर्म/कृषि उद्यमीहरु |
| ४. | मकै उत्पादकत्व प्रवर्द्धन कार्यक्रम | क्लष्टर | ८ | कुल लागतको ७५-१००% वा बढिमा रु. ५ लाख २५ हजार प्रति इकाई | १. कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ ।<br>२. पहाडमा न्यूनतम १००० रोपनीको १ क्लष्टर हुनु पर्नेछ। | कृषक समूह/कृषि सहकारी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५. | अलैंची सुकाउने सुधारिएको भट्टी निर्माण सहयोग कार्यक्रम | संख्या | २ | कुल लागतको ७५% वा बढिमा रु. १ लाख प्रति इकाई | १. कार्यविधिमा निर्धारण गरे बमोजिम हुनेछ । | अलैची उत्पादक कृषक/कृषक समूह/कृषि सहकारी/कृषि उद्यमीहरु |

**आवश्यक कागजातहरु:**

१. रु. १० को हुलाक टिकट टाँस गरी तोकिएको ढाँचा बमोजिमको आवेदन ।

२. आवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

३. प्रचलित कानुन वमोजिम आधिकारिक निकायमा संस्था, फर्म, समूह तथा सहकारी दर्ता प्रमाणपत्र (नविकरण भएको) र बैठक निर्णय प्रतिलिपि ।

४. कार्यक्रम संचालन गर्ने सदस्यहरुको नागरिकताको प्रतिलिपि ।

५. कार्यक्रम संचालनका लागि तोकिएको ढाँचा बमोजिमको सही छाप भएको सक्कलै आवेदन सहित प्रस्तावित कार्ययोजना ।

६. सम्बन्धित वडा कार्यालय र कृषि विकास शाखाको सिफारिस पत्र ।

७. संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रतिलिपी ।

८. गत आ.व. को लेखा परिक्षण प्रतिवेदन विवरण ।

९. गत आ.व. को कर चुक्ता प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

१०. जग्गाधनीपुर्जाको प्रतिलिपि वा स्थानिय तहले सिफारिस गरेको जग्गाको क्षेत्रफल ।

११. सम्बन्धित विषयमा प्रवाधिक ज्ञान भए सो को प्रतिलिपी ।

१२. आवेदकले एकै प्रकृतिका अनुदान अन्य निकायबाट नलिएको वा नलिने स्वःघोषणा पत्र ।

१३. लिजमा लिएको जग्गाको हकमा वडा कार्यालयको रोहवरमा १० वर्षे करारनामा वा संकलन केन्द्रको हकमा २० वर्षको करारनामा वा सम्झौता पत्र ।

१४. यस अघि सोहि कार्यक्रमको लागि समिति दर्ता भएको भए सोको प्रतिलिपि।

१५. लागत साझेदारी गर्ने प्रतिवद्धता पत्र।

१६. कार्यविधिमा उल्लेख भए बमोजिमका आवश्यक कागजातहरु ।

१७. प्रस्तावना निवेदन दस्तुर व्याक्तिगत रु. १०० र निजी संस्था तथा संस्थागत रु. २०० कृषि ज्ञान केन्द्र खोटाङको कार्यालय कोड नं. ३१२०१०८०११ राजश्व शिर्षक नं. १४२२९ राष्ट्रिय वाणिज्य बैंकमा जम्मा गरेको सक्कलै भौचर संलग्न गर्नु पर्नेछ ।

आवश्यक जानकारीको लागी कृषि ज्ञान केन्द्र खोटाङ फोन नं. ०३६-४२०१३०/९८५२८४९१३० मा सम्पर्क गर्न सक्नुहुनेछ। साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १ को वेवसाईट **<u>molmac.p1.gov.np</u>** वा कृषि विकास निर्देशनालयको वेबसाइट **<u>doad.p1.gov.np</u>** वा कृषि ज्ञान केन्द्र खोटाङको फेसबुक पेज **"कृषि ज्ञान केन्द्र खोटाङ"** बाट "**कृषि व्यवसाय प्रवद्धन अनुदान कार्यविधि २०७६, पहिलो संशोधन मिति २०७७/१२/११**" डाउनलोड गर्न सकिनेछ।

हरि नारायण राई
नि. प्रमुख